"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक-झापा
कोशी प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०८०/०८१
च.नं. २८४४

## बिज्ञापन कर संकलनका लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति २०८०/०९/०२)

आ.ब. २०८०/०८१ का लागि दमक नगरपालिकाले बिज्ञापन कर संकलनका लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले तपशिलका सेवा शर्तका अधिनमा रही ईच्छुक कम्पनी/फर्महरुलाई बिद्युतीय खरिद प्रणाली (ई-बिड) मार्फत वा शिलवन्दी दरभाउपत्र फारम मार्फत बिज्ञापन कर संकलन गर्न यो दरभाउपत्रको सूचना आव्हान गरीएको छ ।

### तपशिल

| ठेक्का नं. | बिवरण | न्यूनतम ठेक्का अंक मु.अ.कर वाहेक | धरौटी | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| DMO/JHAPA/A DV/11/80/81 | बिज्ञापन कर संकलन | रु.८,४७,९३५/- | कवोल गरेको रकमको ५% | १०००/- |

- दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति : २०८०।९।८ गते कार्यालय समयसम्म ।
- दरभाउपत्र फाराम बुझाउने । पेश गर्ने अन्तिम मिति : दरभाउपत्र फाराम खरीद गर्ने अन्तिम मितिको भोली दिनको १२:०० बजे सम्म ।
- पेश भएका दरभाउपत्र खोलीने मिति : दरभाउपत्र फाराम दर्ता गर्ने अन्तिम दिन, दिनको १:०० बजे ।
- ई-बिडको हकमा बिद्युतीय खरिद प्रणालीको वेभसाईट https://www.bolpatra.gov.np मा उल्लेख भए बमोजिम हुनेछ ।
- दरभाउपत्रका लागि देहायका शर्तहरु हुनेछन र ईच्छुक शिलबन्दी दरभाउपत्रदाताले BoQ भरी शर्तहरुमा उल्लेख भए बमोजिम पेश गर्नु पर्नेछ ।

**शर्तहरु :-**

१. दरभाउपत्र फारम दस्तुर रु.१,०००/- (अक्षरेपी एक हजार रुपैया) मात्र फिर्ता नहुने गरी राष्ट्रिय बाणिज्य बैकमा रहेको (आन्तरिक राजश्व खाता नं. २१४०१००३०१०१०००२) खातामा वा नगदै यस कार्यालयमा बुझाउन सकिनेछ । जम्मा गरेको राजश्व भौचर र धरौटी वापतको रकम वा बैक ग्यारेण्टीको कपि शिलबन्दी दरभाउपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ । शिलबन्दी दरभाउपत्र फारम यस कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

२. बिद्युतीय खरिद प्रणाली (ई-बिड) को हकमा सम्पूर्ण प्रक्रियाहरु बिद्युतिय खरिद प्रणालीले तोकेको मापदण्ड बमोजिम हुनेछ ।

३. शिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने, दरभाउपत्र बुझाउने र दरभाउपत्र खोलिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट उल्लेखित कार्यहरु हुनेछन् । ई-बिडको हकमा बिद्युतीय खरिद प्रणालीको वेभसाईटमा प्रकाशित सूचना बमोजिम हुनेछ ।

४. शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन, दिनको १:०० बजे कर्मचारी प्रतिनिधिहरु र दरभाउपत्रदाताको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र खोल्ने समयमा दरभाउपत्र दाताको प्रतिनिधिहरु उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र पेश गर्दा फर्म नविकरण, स्थानीय फर्मको हकमा नगरपालिकामा दर्ता/नविकरण भएको व्यवशाय दर्ता प्रमाणपत्र स्थायी लेखा नंम्वर प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा काम गरेको भए अनुभवको प्रमाणपत्र संलग्न हुनु पर्नेछ ।

६. दरभाउपत्र तोकिएको न्यूनतम अंकमा बढाबढ गरी पेश गर्नु पर्नेछ । साथै आफुले कवोल गरेको ठेक्का अंकको ५% धरौटी रकम दमक नगरपालिकाको नाउँमा रहेको राष्ट्रिय बाणिज्य बैंकमा खोलिएको धरौटी खाता हि.नं. २१४०१००३०३००००२ मा जम्मा गरेको भौचर वा नेपाल राष्ट्र वैकबाट मान्यता प्राप्त बैकले जारी गरेको १२० (एक सय बीस) दिन म्याद भएको बिडबण्ड पेश गर्नुपर्ने छ ।

७. ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारका बुझाउनु पर्ने कर, दस्तुर, महशुल कम्पनी/फर्मको पक्षवाट बुझाउनु पर्ने छ र सो को फरफारकको प्रमाण कार्यालयमा पेश गरे पछि मात्र निजले ठेक्का कबोल गर्दा राखेको धरौटी फिर्ता वा फुकुवा गरिनेछ ।

८. ठेक्का स्विकृत भएको जानकारी पाएको १५ (पन्ध्र) दिन भित्र नगरपालिकामा सम्पर्क गरी शिलबन्दी दरभाउपत्रदाताले सम्झौता/कवुलियत गरी सक्नु पर्नेछ । सम्झौता/कवुलियत गर्नु पूर्व कवोल गरेको रकम आन्तरिक राजश्व खाता (खाता नं. २१४०१००३०१०१०००२) मा र मु.अ.कर र

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
कोशी प्रदेश, नेपाल
☎ : ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०८०/०८१
च.नं. २८४५

अग्रीम करकट्टीको रकम धरौटी खाता हि.नं. २१४०१००३०३००००२ मा जम्मा गर्नु पर्नेछ । कवोल गरेको रकम सम्झौता/कवुलियतमा उल्लेख भए बमोजिम बुझाउनु पर्नेछ ।

९. शिलबन्दी दरभाउपत्रदाताले यस कार्यालयलाई तोकिएको अबधि भित्र ठेक्काको किस्ता रकम नबुझाएमा शिलबन्दी दरभाउपत्रदाताले पेश गरेको बैक ग्यारेण्टीबाट रकम असुल गरीने छ ।
१०. कर संकलन गर्दा तोकेको दर भन्दा बढी लिन पाईने छैन, बढी लिएको पाईएमा वा ठहरेमा सम्बन्धित फर्म/कम्पनीलाई जरिवाना अशुल गरी आवश्यक कारवाही समेत गर्न सकिनेछ ।
११. कर संकलनको ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना असुल गरी कम्पनी/फर्मलाई आवश्यक कारवाही हुने छ ।
१२. शिलबन्दी दरभाउपत्र स्वीकृत भएको जानकारी पाए पश्चात तोकिएको समयावधि भित्र कबुलियत, संम्झौता गरी पट्टापुर्जी (ईजाजत पत्र) नलिएमा कम्पनी/फर्मले राखेको धरौटी जफत गरिनेछ र अन्यको हकमा प्रचलित कानून र नगरपालिकाको निर्णय अनुसार हुनेछ ।
१३. पहिलो शिलबन्दी दरभाउपत्रदाताको ठेक्का स्वीकृत भई नियम अनुसारको प्रकृया पूरा गरिठेक्का सम्झौता नगरे सम्म दोश्रो र तेश्रो शिलबन्दी दरभाउपत्रदाताको धरौटी रकम फिर्ता गरिने छैन र पहिलो शिलबन्दी दरभाउपत्रदाताको ठेक्का अंकमा अन्य ठेकेदारको धरौटीबाट हिसाव मिलान गर्न पाइने छैन ।
१४. विद्युतिय खरीद प्रणाली (ई-बिड) प्रक्रियामा नगरपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document का रुपमा मानिने छ ।
१५. नगरपालिकाले यस शिलबन्दी दरभाउपत्र प्रकृयामा भाग लिएका शिलबन्दी दरभाउपत्रदाताहरुको तोकिए बमोजिम मूल्यांकन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कवोल गर्ने शिलबन्दी दरभाउपत्रदाताहरुलाई सम्झौताका लागि आव्हान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित शिलबन्दी दरभाउपत्रदाता सम्झौता गर्न नआएमा क्रमशः दोस्रो र तेस्रो लगायतका बोलपबदातालाई सम्झौताका लागि पत्राचार गरिनेछ । अधिकतम कवोल गर्ने शिलबन्दी दरभाउपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी वापतको रकम जफत गरी कालो सूचिमा राख्न सम्वन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो शिलबन्दी दरभाउपत्रदाता र अधिकतम कबोल गर्ने शिलबन्दी दरभाउपत्रदाताको बिचको फरक रकम समेत अधिकतम रकम कवोल गरी सम्झौता गर्न नआउने शिलबन्दी दरभाउपत्रदातावाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ। यो प्रकृयाको क्रमश दोश्रो, तेश्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ ।
१६. कर संकलन कार्यमा आवश्यक पर्ने व्यवस्थापकीय कार्य शिलबन्दी दरभाउपत्रदाता आफैले मिलाउनु पर्नेछ ।
१७. ठेक्का सम्बन्धमा कुनै किसिमको बिवाद भएमा यस कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।
१८. रित नपुगेको वा म्याद नाघेर आएको शिलबन्दी दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
१९. ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिद, कर्मचारी समेतको व्यवस्था कम्पनी/फर्म आफैले गर्नु पर्नेछ ।
२०. ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिदमा दमक नगरपालिकाको अनिवार्य छाप लगाएर मात्र प्रयोग गर्नु पर्नेछ । छाप नलगाई कर रसिद प्रयोग गरेको पाईएमा सम्वन्धित फर्म/कम्पनीलाई नियमानुसार कारवाही गरिने छ ।
२१. ठेक्का सम्वन्धी यस कार्यालयवाट प्रकाशित सूचना सम्बन्धित सबैका लागि मान्य हुनेछ ।
२२. ठेक्काको अवधि सम्झौता मितिदेखि २०८१ असार मसान्तसम्म रहनेछ ।
२३. सम्झौताका सबै शर्तहरु र ठेक्काका प्रक्रिया प्रचलित कानुन बमोजिम हुनेछ ।
२४. बिज्ञापन करको दर दमक नगरपालिकाको आर्थिक ऐन, २०८० मा उल्लेख भए बमोजिम हुनेछ ।
२५. पेश भएका शिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने/नगर्ने रठेक्का सम्वन्धी निर्णय गर्नु पर्ने सम्पुर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।
२६. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु प्रचलित ऐन कानून अनुसार हुनेछ ।
२७. माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य बिषयहरु दमक नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७, प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताविक हुनेछन । थप जानकारीका लागि टेलिफोन नंम्वर ०२३५९७००० मा सम्पर्क गर्न सकिनेछ ।

..........................
गणेशराज कार्की
प्रमुख प्रशासकिय अधिकृत

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत